"त्रिदेशीय व्यापारिक नगरः सम्वृद्ध गल्छी शहर"
स्थानीय सरकार
गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

## दर्ता तथा नवीकरण गर्ने सम्बन्धी सूचना

सूचना नं. ०३/०८-२०८३/०८४-कृषि, मितिः २०८३।०४।२७ गते बुधवार

गल्छी गाउँपालिकामा कार्यक्षेत्र बनाई विभिन्न कृषि सम्बन्धी व्यवसायहरु (निजी कृषि फार्म, कृषक समूह, एग्रो सेन्टर तथा कृषि सँग सम्बन्धित फार्म/कम्पनीहरु) दर्ता तथा सूचीकृत नगरि सञ्चालन गरिरहेका तथा यस कार्यालयमा आ.व. २०८२/०८३ तथा सो भन्दा अघिल्लो आर्थिक वर्षहरुमा दर्ता भएका तथा अन्य निकायमा दर्ता भई यस कार्यालयमा सूचीकृत भई सञ्चालनमा रहेका निजी कृषि फार्म, कृषक समूह, एग्रो सेन्टर तथा कृषि सँग सम्बन्धित फार्म/कम्पनीहरुले **चालु आ.व. २०८३/०८४ को असोज मसान्त** भित्र तपसिल बमोजिमको आवश्यक कागजातहरु सँलग्न राखि यस कार्यालयको कृषि विकास शाखामा दर्ता तथा नवीकरणको लागि रीतपूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

क. दर्ताको लागिः

१. दर्ता सम्बन्धी निवेदन,
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
३. मालपोत कर तिरेको रसिदको प्रतिलिपि,
४. सरजमीन मुचुल्का(आवश्यकता अनुसार)
५. मञ्जुरिनामा पत्रको प्रतिलिपि(भाडामा भए वा आफ्नो स्वामित्वमा नभए)
६. निर्णयको प्रतिलिपि(लागु हुनेको हकमा)
७. स्वीकृत भई प्रमाणित भएको विधान(लागु हुनेको हकमा)
८. नागरिकताको प्रतिलिपि,
९. बीउ विषादी पसल/एग्रो सेन्टरको हकमा बिक्री अनुमति पत्रको प्रतिलिपि, तालिम लिएको प्रमाण-पत्रको प्रतिलिपि, गोदाम/विक्री कक्षको निरीक्षण चेक लिष्टको प्रतिलिपि,
१०. अन्य आवश्यक कागजातहरु ।

ख. नवीकरणको लागिः

१. नवीकरण सम्बन्धी निवेदन,
२. नवीकरण गर्न आउने व्यक्तिको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
३. बैठकको निर्णयको प्रतिलिपी(समूह र साझेदार व्यक्तिहरुको लगानीमा सञ्चालित फार्महरुको हकमा मात्र)
४. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,
५. आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाण-पत्र र लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी,
६. मालपोत कर चुक्ता रसिदको प्रतिलिपी,
७. संस्था दर्ता प्रमाण-पत्रको सक्कल प्रति,
८. फार्म/संस्थाको छाप,
९. भाडामा सञ्चालित भएको आवश्थामा जग्गा/घरबहाल भुक्तानी गरेको प्रमाण,
१०. अन्य आवश्यक कागजातहरु ।

पुर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकिय अधिकृत

URL: www.galchhimun.gov.np Ph: 010-403192/60/56 E-mail: info@galchhimun.gov.np